सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २३३ ♦ २०८३ साल वैशाख १७ विहिवार ♦ 30 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## तराई-मधेशमा पछिल्ला वर्षमा जलसङ्कट तीव्र बन्दै

लक्ष्मी चौधरी

**वैशाख १६ गते, जनकपुरधाम**



तराई-मधेश क्षेत्रमा पछिल्ला वर्षमा जलसङ्कट तीव्र बन्दै गएको छ। चुरे क्षेत्रको अन्धाधुन्ध दोहन, अनियमित वर्षा, खडेरी, भू-जलको अत्यधिक प्रयोग, परम्परागत पोखरीको अतिक्रमण र बढ्दो तापक्रमका कारण भूमिगत जलसतह निरन्तर घट्दो क्रममा छ। यसले एकातिर चर्को गर्मी र अर्कोतिर पानी अभावको दोहोरो समस्या निम्त्याउँदै कृषि, जनजीवन र पारिस्थितिकीय सन्तुलनमा समेत गम्भीर असर पारेको छ ।

धनुषाको नगराइन नगर पालिका-३ का रामबाबु यादवका अनुसार पहिले हिउँदमा समेत वर्षा हुने गर्थ्यो तर अहिले वैशाख-जेठसम्म पानी पर्ने सम्भावना न्यून भएको छ। "गत वर्ष टोलका अधिकांश खाने पानीका धारा, चापाकलहरू सुकेपछि एक-डेढ किलोमिटर टाढाबाट डिप बोरिङको पानी बोकेर खानुपरेको थियो," उहाँले भन्नुभयो । टाढाबाट पानी ल्याएर प्रयोग गर्दा दैनिकी कामकाज प्रभावित हुने गरेको उहाँले थप्नुभयो, खाना पकाउँदा ढिलो हुँदा छोराछोरीको विद्यालय पठाउने समयमा समेत असर परेको थियो ।

गर्मी बढेसँगै चापाकल र स्यालो ट्युबवेलहरू निष्क्रिय बन्न थालेका छन् भने धेरै डिप बोरिङहरू समेत सुकिसकेका छन् । आकाशे पानीमा निर्भर खेतीमा गत वर्ष करिब ५० प्रतिशतसम्म बाली नोक्सान भएको किसानहरू बताउँछन् । धनुषाकै बटेश्वर गाउँपालिका-१ मा इनारहरू सुक्न थालेपछि स्थानीय बासिन्दा समस्यामा परेका छन् । स्थानीय फुलगेन महतोको घरको इनार, जसबाट आठ घरका ५० भन्दा बढी सदस्यले पानी प्रयोग गर्थे, हालै सुकिसकेको छ । सोही क्षेत्रका रामपृत महतो आफ्नो इनार सुकेपछि सरकारी धारामा निर्भर हुन बाध्य हुनुहुन्छ । चुरे क्षेत्र मासिनु र हाम्रो गाउँमा पानी सुक्नुको गहिरो सम्बन्ध छ ।

महोत्तरीको औरही नगर पालिका-३ का कृषक जगदीश साह भन्नुहुन्छ, "पहिले ३० देखि एकसय फिटमै पानी आउँथ्यो, अहिले ४ देखि ५सय फिटसम्म धसाउनुपर्छ । अटोमेटिक कलहरू सुक्दै गएका छन्, पानीको अभावले घरायसी र पशुपालन दुवै प्रभावित छन् ।" उहाँका अनुसार गत वर्षको खडेरी र अनियमित वर्षाले धान, आलु, प्याज, लसुन, दलहन, तेलहनजस्ता बालीमा ठुलो क्षति पुऱ्यायो। आकाशे पानी समयमा नपर्दा बोरिङको पानी खरिद गरेर खेती गर्नु परेको छ। अरुको खेतमा बटैया (अधिया) गरेर खेती गर्ने हामीहरुलाई बाली नाश हुँदा के आफू खाने, के जग्गा धनीलाई दिने भन्ने बारे समस्या छ ।

यस्तै जनकपुरधामका क्षेत्रका ऐतिहासिक पोखरीहरू समेत सङ्कटमा छन् । जनकपुरधामका स्थानीय सुन्दर्शन लाल कर्णका अनुसार जनकपुरधामका धेरै पोखरी अतिक्रमण, प्रदूषण र उपेक्षाका कारण नासिँदै गएका छन् । पहिले पोखरीहरू आपसमा जोडिएका थिए, पानी सफा हुन्थ्यो, तर अहिले दुर्गन्धित र सुक्दै गएका उहाँको कथन छ । उता वीरगन्ज जस्तो आर्थिक केन्द्रमा समेत गर्मीयाममा खानेपानीको हाहाकार हुने गरेको छ । ट्याङ्करमार्फत पानी वितरण गर्न सरकार र विभिन्न निकाय सक्रिय हुनुपर्ने अवस्था देखिएको छ ।

विज्ञहरूका अनुसार यो सङ्कट जलवायु परिवर्तनसँग गहिरो रूपमा जोडिएको छ । पृथ्वीको तापक्रम बढ्नु, अत्यधिक भूमिगत जलस्रोतको दोहन तथा वाटर रिचार्ज नहुँदा जल सङ्कट उत्पन्न भएको वातावरण विज्ञहरूको भनाइ छ ।

पर्यावरण अभियानी सुरेश शर्मा भन्नुहुन्छ, "चुरे क्षेत्रको दोहन र वन विनाशले प्राकृतिक जलचक्र नै बिगारेको छ। वर्षातको पानी जमिनमा सोसिन नपाई बगेर जाँदा भूमिगत जलसतह तीव्र रूपमा घटिरहेको छ ।"

वन तथा वातावरण मन्त्रालयका वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत बेचनकुमार महतोका अनुसार चुरे क्षेत्रको दोहनले मात्र होइन, विकासको नाममा सङ्क्रटीकरण, अत्यधिक भूमिगत जलस्रोतको दोहनका कारण पनि मधेशमा भूमिगत जल भण्डार घटेको छ । उहाँले भन्नुभयो,"वातावरण ऐनले तोकिएकोभन्दा बढी गहिराइमा गिट्टी-बालुवा उत्खनन, जताततै कङ्क्रटीकरणका कारण प्रभावकारी जलसञ्चयको अभावले ग्राउन्ड वाटर रिचार्ज हुन सकेको छैन ।"

वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत महतोले मधेशमा विगतको तुलनामा वन क्षेत्र वृद्धि भएरहेको बताउनुभयो ।

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, मधेश प्रदेशका निमित्त सचिव रामकुमार खड्काका अनुसार चैत महिनादेखि नै मधेशमा पानीको सतह औसतमा तीन फिटसम्म घट्ने गरेको छ । युएनडिपी र एसएनभीका अध्ययनले पनि जलसतह बर्सेनि घट्दै गएको पुष्टि गरेका उहाँले जानकारी दिनुभयो ।

यसैगरी जलवायु तथा वातावरणविद् डा डमिन्द्र दाहालका अनुसार उहाँले जनकपुरको सभ्यताको मूल आधार नै पोखरी र तलाउ जस्ता जल संरचनामा आधारित रहेको उल्लेख गर्दै भूमिगत पानीको अत्यधिक उपयोग अघि यस्ता प्राकृतिक स्रोतको संरक्षण अपरिहार्य भएको बताउनुहुन्छ। दाहालका अनुसार परम्परागत कुलो प्रणालीप्रति बेवास्ता, पम्पमा बढ्दो निर्भरता र अव्यवस्थित सिँचाइ नीतिका कारण भूमिगत जलस्तर निरन्तर घट्दै गएको छ। यदि यस्तो दोहनलाई नियन्त्रण गरिएन भने नेपालमा पनि

बाँकी पृष्ठ ३ मा

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# धार्मिक पर्यटनको केन्द्र बन्दै पञ्चधुरा मन्दिर




खबर दर्पण समाचारदाता
**वैशाख १६ गते, बर्दिवास**

महोत्तरीको बर्दिबास नगर पालिका-४ माईस्थानमा अवस्थित पञ्चधुरा भगवतीको मन्दिरमा पूजाआर्चना गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्दै गएको छ।

रमणीय र शान्त वातावरणमा पूजाआर्चना गर्नका लागि आन्तरिकसँगै छिमेकी मुलुक भारतका पर्यटकहरु यहाँ आउने क्रममा वृद्धिभएसँगै पछिल्लो समय यो पर्यटन आकर्षणको केन्द्र बन्दै गएको हो । पञ्चधुरामाईलाई शक्तिपीठको रूपमा पूजा गरिन्छ, जहाँ मनोकांक्षा पूरा हुने विश्वासका साथ भक्तजनहरू आउने गर्छन् ।

विशेषगरी मङ्गलबार र विशेष पर्वहरूमा पूजा गर्न आउने श्रद्धालुहरूको ठूलो भीड यहाँ लाग्ने गर्दछ । बर्दिबासको आसपासका क्षेत्रमा धार्मिक र पर्यटकीय स्थलहरूको विकास हुँदै जाँदा पञ्चधुरा मन्दिरले स्थानीय पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेलिरहेको पञ्चधुरा माई मन्दिर संरक्षण समितिका अध्यक्ष अक्कलबहादुर तामाङले बताउनुभयो ।

धार्मिक एवं पुरातात्विक महत्वको यो मन्दिर इतिहासको कालखण्डमा यस क्षेत्रभित्र रहेको घना जङ्गलभित्र फेलापरेको थियो । स्थानीय वृद्धवृद्धा तथा बूढापाकाहरूका अनुसार त्यस बेला यस मन्दिर मा विशालकाय भएको पिपलको वृक्ष थियो । त्यस अद्भूत पिपलको विशालकाय वृक्षको फेदीमा पाँचवटा टोडका थियो र त्यस टोडकाबाट अविरल रूपमा जलधारा (पानी) बगिरहने हुँदा यस मन्दिरको नाम पनि पञ्चधारा राखिएको किंवदन्ती छ । पछि यही ‘पञ्चधारा’ अपभ्रंश हुँदै पञ्चधुरा भएको स्थानीयवासी बताउँछन् ।

पञ्चधुरा भगवतीको मन्दिर जति प्राचीन एवं पौराणिक छ, त्यत्तिकै यसको ऐतिहासिक महत्व पनि छ। श्री ३ प्रधानमन्त्री जङ्गबहादुर राणाले १९३३ सालमा सिकार खेल्नका लागि मधेसको बहादुर गन्ज क्षेत्रको बर्दिबास-माईस्थान जङ्गलमा जानुभएको थियो। त्यस क्रममा उहाँले ‘सेतो बाघ’ देख्नुभएको थियो । उहाँले बन्दुकको निशाना सेतो बाघतिर लगाउँदा बाघ पञ्चधुरा मन्दिरमा विलय भएको किंवदन्ती छ।

उपन्यासकार डायमण्डशम्शेर राणाले लेख्नुभएको चर्चित उपन्यास ‘सेतो बाघ’मा पनि यो सन्दर्भ उल्लेख गर्नुभएको पाइन्छ। स्थानीय वृद्धवृद्धा तथा बूढापाकाहरूका अनुसार श्री ३ प्रधानमन्त्री जङ्गबहादुर राणाले पञ्चधुरा भगवतीमाथि कुदृष्टि लगाए र उनलाई माताको श्राप लाग्यो । सोही कारण उनको सर्लाही जिल्लाको पत्थरकोटमा १९३३ साल फागुन १३ गते मृत्यु भएको थियो। जुन घटना १४८ वर्षअघिको हो ।

श्री ३ जङ्गबहादुर राणाले सिकार खेल्ने क्रममा यसै मन्दिरको परि सरमा सेतो बाघ देखेपछि उनी बिरामी पर्नुभएको थियो र पछि त्यही सेतो बाघ उनको मृत्युको कारण बनेको स्थानीय वृद्धवृद्धा तथा बूढापाकाहरूको भनाइ छ ।

यस भगवती मन्दिरमा अपार तान्त्रिक शक्ति पनि भएको जनविश्वास छ। त्यही कारण यहाँ भाकल गर्ने र बलि दिनेको पनि भीड लाग्ने गर्दछ । यहाँ चिताएको मनोकामना पूरा हुने र मनमा ठानेका कार्य सिद्ध हुने विश्वासका कारण पछिल्ला केही वर्षदेखि यस मन्दिरमा बिहे, व्रतबन्ध, पूजाआजा, होमजापजस्ता धार्मिक एवं सामाजिक कार्यक्रम गर्नेहरूको सङ्ख्या बढ्दै गएको छ ।

यस मन्दिरमा बिहे गरेमा दाम्पत्य जीवन सुखमय हुने र चाँडै सन्तति सुख मिल्ने जनविश्वासका साथ विवाह गर्ने जोडीले यस मन्दिर परिसरमा आउने गर्छन्। यसैगरी, पछिल्लो दिनमा यस मन्दिरमा पिकनिक खाने, मनोरञ्जन गर्ने तथा घुमफिर गर्नेहरूले पनि मन्दिर भरिभराउ देखिन्छ । धार्मिक, ऐतिहासिक एवं प्राचीन महत्व बोकेको यस पञ्चधुरा भगवती मन्दिर हिन्दू धर्मावलम्बीहरूको ठूलो आस्थाको केन्द्र बनेको छ।

नेपालको पूर्वपश्चिम राजमार्गसँगै टाँसिएर रहेका कारण यस मन्दिरमा आउन तथा यहाँ पूजाआजा र दर्शन गर्न निकै सहज र सुगम हुने गरेको छ । बर्दिबास नगर पालिकाका प्रमुख प्रल्हादकुमार क्षेत्रीले यो प्राचीन धरोहरलाई उचित प्रवर्द्धन गरी नगरको धार्मिक पर्यटनमा आशातित योगदान पुर्याउने उद्देश्यले बर्दिबास नगरपालिकाले मन्दिर परिसरमा रहेको तलाउ सौन्दर्यकरणमा बजेट विनियोजन गरेको बताउनुभयो ।

स्थानीय सुदीप कार्कीले पञ्चधुरा माई मन्दिरलाई पर्यटकीयस्थलका रूपमा विकास गर्न जरुरी रहेको बताउँदै मन्दिर को सौन्दर्यकरण गरेर यसको पुरातात्विक र ऐतिहासिक पक्षलाई उजागर गर्न आवश्यक रहेको जिकिर गर्नुभयो ।

त्यस्तै होटल तथा पर्यटन व्यवसायी महासङ्घ, मधेस प्रदेशका अध्यक्ष हीरा गौतमले यस भगवती मन्दिरलाई धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने काम थालिसकिएको बताउँदै मन्दिरलाई व्यवस्थित गर्न पुरानो पोखरीको सौन्दर्यीकरण भइरहेको र पोखरीमा पानीको व्यवस्थापन पनि गरिने उल्लेख गर्नुभयो । उहाँले धार्मिक इतिहास बोकेको यस मन्दिरलाई बृहत् रूपमा संरक्षण र व्यवस्थापन गर्न आवश्यक रहेको आवश्यकता पनि औंल्याउनुभयो ।

त्यसैगरी, पञ्चधुरा माई मन्दिर संरक्षण समितिका अध्यक्ष अक्कलबहादुर तामाङले यस मन्दिरमा निरन्तर रूपमा विकासका काम भइरहेको उल्लेख गर्दै यसको व्यवस्थित विकासका लागि डिपिआर बनाउने काम पनि भइरहेको जानकारी दिनुभयो ।

इतिहासको साक्षीका रुपमा रहेको यस मन्दिरको संरक्षण र विकासका लागि स्थानीयवासीले प्रयास जारी राखेका छन् । पछिल्ला समयमा यसको संरक्षण र विकासलाई उच्च प्राथमिकतामा दिइरहेको अध्यक्ष तामाङको भनाइ छ ।



सधै र सबैको लागि खबर खोज्ने अभियान
खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक


तपाईहरु संग कुनै गजल.कविता छ भने,फोटो सहित कमेन्ट गर्नुहोस् ,तपाईको गजल. कविता भोलीको खबर दर्पण राष्ट्रिय दैनिक पत्रिकामा शनिबार प्रकाशित हुनेछ ।

नोट : कृपया अगाडि हप्ता पर्ने साथीहरू नपठाउनुहोला ।
*अनि बेलुकाको ६ बजे भित्र सम्म प्राप्त भएको गजल.कविता मात्र लिनेछौ ।
*स्कूलका छात्र.छात्रालाई विशेष प्राथमिकता दिनेछ ।



थप जानकारीको लागि
अजय कुमार साह,धर्वेन्द्र कुमार यादव"यदुवन्शी"
(९८०७६७५१२५,९८४४०२५१८४,९८५४०२९०५३,९८०७८५०५८१)


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# तराई-मधेशमा पछिल्ला....

सुक्खा, विस्थापन र कृषि सङ्कट जस्ता समस्या उत्पन्न हुन सक्ने उहाँको चेतावनी छ ।

उहाँले चुरे-भावर क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने संरचना विकास गरी भूमिगत पानी पुनर्भरण बढाउन सके तराईका पोखरीहरू सधैँ भरिभराउ रहने धारणा व्यक्त गर्नुभयो । उहाँको भनाइमा आवश्यक स्रोत-साधन, प्रविधि र दक्षता नेपालसँग उपलब्ध भए पनि दीर्घकालीन सोच र प्रकृतिप्रतिको प्रतिबद्धताको अभाव देखिन्छ । दाहालले पोखरी, इनार र कुँवालाई केवल भौतिक संरचना नभई सम्पूर्ण जीव-जगत र मानव सभ्यताको साझा सम्पत्ति मानेका छन् । त्यसैले सार्वजनिक जलस्रोतमा व्यक्तिगत स्वार्थ हाबी हुन नहुने उहाँको जोड छ । यस विषयमा स्थानीय तहदेखि सङ्घीय सरकारसम्म सबै निकायबिच समन्वय र सहकार्य आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो ।

यसबिच सङ्घीय सरकारले गत वर्ष मधेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरे पनि त्यसपछिको वर्षाले अपेक्षित राहत दिन सकेन । बरू असन्तुलित वर्षाले रोपाइँ ढिलो हुनुका साथै बाली नोक्सानी झन बढाएको छ ।

चुरे क्षेत्र र भू-जलबिचको सम्बन्ध महत्वपूर्ण मानिन्छ । "चुरेको माटो चुरेलाई, सफापानी सबैलाई" नारासहित २०६६ सालदेखि सुरु गरिएको चुरे संरक्षण कार्यक्रम अन्तर्गत राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति गठन गरिएको थियो । २०७४ मा तयार गरिएको गुरुयोजनाले वातावरण संरक्षण, नदी व्यवस्थापन र जलस्रोत संरक्षणलाई प्राथमिकतामा राख्दै २० वर्षे योजना अघि सारेको थियो ।

विशेषज्ञहरूका अनुसार चुरे र भावर क्षेत्रले तराईका लागि प्राकृतिक जलभण्डारको काम गर्छन् । वर्षातको पानी यिनै क्षेत्रमा सोसिएर भूमिगत रूपमा संचित हुन्छ र तराईमा प्रयोगका लागि उपलब्ध हुन्छ । तर चुरेको विनाशसँगै यो प्राकृतिक प्रणाली कमजोर बन्दै गएको छ ।

भूमिगत जलको अवस्था यस्तो हुँदा पनि मधेश सरकार तथा मधेशका स्थानीय निकायले समेत रेलवाटर हार्भेस्टिङ, भूमिगत जल सिञ्चितीकरण वैकल्पिक उपायहरू अपनाएका छैनन् । विगतमा प्रदेश र स्थानीय तहले पोखरी सौन्दर्यीकरणको नाममा कङ्क्रिटीकरण भने गरेको पाइन्छ । जलवायु परिवर्तनमा मधेश र स्थानीय सरकारको सक्रियता देखिएको छैन ।

समग्रमा, मधेशको जलसङ्कट अब केवल वातावरणीय मुद्दा मात्र नभई जीवनयापन र भविष्यसँग जोडिएको गम्भीर चुनौती बनेको छ । दीर्घकालीन समाधानका लागि प्रभावकारी जल व्यवस्थापन नीति, भू-जल पुनर्भरण, वर्षा पानी सङ्कलन र जलवायु अनुकूलनका कार्यक्रम तत्काल आवश्यक देखिन्छन् ।

# हरवाचरवा अभियन्तालाई पैरालिगल तालिम सुरु

खबर दर्पण समाचारदाता

**वैशाख १६ गते, जनकपुरधाम**

राष्ट्रिय दलित नेटवर्क (चम्ल) नेपालको आयोजनामा तथा सहिदनगर नगरपालिकासँगको समन्वयमा हरवाचरवा अभियन्ताहरूका लागि दुईदिने पैरालिगल तालिम आजदेखि सहिदनगरमा सुरु भएको छ।

तालिममा १५ जना छनोट भएका अभियन्ताहरू सहभागी छन्। सहभागीहरूको संवैधानिक अधिकार, मानव अधिकार, श्रम कानुन, नागरिकता तथा भूमि अधिकार, लैङ्गिक हिंसा तथा भेदभावविरुद्धका कानुनी प्रावधानसम्बन्धी ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको आयोजकले जनाएको छ।

कार्यक्रमको उद्घाटन सहिदनगर नगरपालिकाकी उपप्रमुख सुनीता सिंहले गर्नुभयो। उहाँले तालिमको समग्र तथा व्यवहारिक पक्षको प्रशंसा गर्दै हरवाचरवा समुदायजस्ता सीमान्तकृत समूहलाई न्याय प्रणाली र सार्वजनिक सेवासँग जोड्न पैरालिगलहरूको महत्वपूर्ण भूमिका रहने बताउनुभयो।

साथै, उहाँले सहभागीहरूलाई सक्रिय सहभागितामार्फत सिकाइलाई समुदायस्तरमा व्यवहारमा उतार्न आग्रह गर्नुभयो।उद्घाटन सत्रमा सहिदनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनिल कुमार झा, राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका उपाध्यक्ष प्रसाद सदा तथा जिल्ला हरवाचरवा अधिकार मञ्च धनुषाका अध्यक्ष राज देव बिनले धारणा व्यक्त गर्नुभएको थियो।

कानुनी विज्ञ सञ्जु पाण्डे तथा चम्लका कार्यकारी निर्देशक हुकुम बहादुर सार्कीको सहजीकरणमा सञ्चालन भइरहेको उक्त तालिमले सहभागीहरूलाई मुद्दा दस्तावेजीकरण, परामर्श, मेलमिलाप तथा सन्दर्भ सेवासम्बन्धी व्यवहारिक सीप प्रदान गर्ने अपेक्षा गरिएको छ। तालिमपछि उनीहरू आफ्ना समुदायमा अग्रपंक्तिका कानुनी सहयोगकर्ताका रूपमा प्रभावकारी रूपमा कार्य गर्न सक्षम हुने विश्वास लिइएको छ।

कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

मटिहानी नगरपालिका,
महोत्तरी

कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

गौशाला नगरपालिका,
महोत्तरी

कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

औरही नगरपालिका,
महोत्तरी

पालिकाको स्थानीयलाई अनुरोध



–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौ।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।



–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
–सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ, छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।



–जथाभावी पार्किङ नगरी तोकिएको स्थानमा मात्र पार्किङ गरौं।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

रामगोपालपुर नगरपालिका,
महोत्तरी

# मिथिला रंगमञ्चको विश्व कीर्तिमान

**खबर दर्पण समाचारदाता**

**वैशाख १६ गते, बर्दिवास**

मैथिली भाषा, साहित्य र रंगमञ्चको इतिहासमा एक महत्वपूर्ण अध्याय थपिएको छ। एकै नाटककारद्वारा सिर्जित ३५ वटा नाटकलाई ३५ जना फरक फरक निर्देशकले मञ्चन गर्ने भव्य सांस्कृतिक अभियानमार्फत विश्वमै नयाँ कीर्तिमान कायम गरिएको हो ।

करिब ८ हजार स्रष्टा, कलाकार तथा प्राविधिकहरूको सहभागिताले उक्त कार्यक्रमलाई अभूतपूर्व बनाएको छ ।

यो ऐतिहासिक उपलब्धि वरिष्ठ नाटककार महेन्द्र मलंगियाको सिर्जनशीलताको परिणामका रूपमा लिइएको छ । उनका नाटकहरूलाई विभिन्न निर्देशकहरूले आफ्नै शैली र दृष्टिकोणमा प्रस्तुत गर्दा मिथिला रंगमञ्चको विविधता र गहिराइ उजागर भएको सहभागीहरूले बताएका छन् । यसै उपलब्धिका आधारमा उक्त प्रस्तुति 'गिनीज बुक अफ वर्ल्ड रेकर्ड' मा सूचीकृत हुन सफल भएको जनाइएको छ ।

कार्यक्रममा नेपालका विभिन्न शहरदेखि भारतको राजधानी दिल्लीसम्मका कलाकार र संस्थाहरूको सहभागिता रहेको थियो ।

काठमाडौँस्थित 'रंग सूत्र नेपाल' ले प्रस्तुत गरेको नाटक 'देह पर कोठी खसादिय' विशेष आकर्षणको केन्द्र बनेको थियो । त्यस्तै, जनकपुरधामको 'मिनाप' समूहले मञ्चन गरेको मौलिक नाटकले दर्शकबाट व्यापक प्रशंसा बटुल्न सफल भयो ।

आयोजकका अनुसार कार्यक्रमले मैथिली रंगमञ्चको सामूहिक शक्ति, सृजनात्मकता र सांस्कृतिक पहिचानलाई



अन्तर्राष्ट्रिय स्तरमा चिनाउने महत्वपूर्ण अवसर प्रदान गरेको छ ।

विविध शैली, कथावस्तु र प्रस्तुति विधिले भरिपूर्ण यी नाटकहरूले दर्शकलाई मनोरञ्जन मात्र नभई सामाजिक सन्देश पनि दिएका थिए ।

दर्शकहरूको उल्लेख्य उपस्थिति र उत्साहजनक प्रतिक्रियाले कार्यक्रमको सफलतालाई थप मजबुत बनाएको छ । सहभागी कलाकारहरूले यस्तो खालको ऐतिहासिक प्रयासले भविष्यमा अझ ठूला सांस्कृतिक अभियानहरू सञ्चालन गर्न प्रेरणा मिल्ने विश्वास व्यक्त गरे ।

यो उपलब्धिले मैथिली भाषा र साहित्यको प्रवर्द्धनमा मात्र नभई समग्र नेपाली रंगमञ्चलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन पनि टेवा पुग्नेछ। साथै, यसले युवा पुस्तालाई र ंगमञ्चतर्फ आकर्षित गर्दै सांस्कृतिक सम्पदाको संरक्षणमा नयाँ ऊर्जा थप्ने विश्वास गरिएको छ ।

यस ऐतिहासिक कीर्तिमानसँगै मिथिलाले फेरि एकपटक आफ्नो सांस्कृतिक समृद्धि र सृजनशील क्षमताको परिचय विश्वसामु प्रस्तुत गरेको छ ।


## पालिकाको स्थानीयलाई अनुरोध



–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौ।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।



–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
–सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।



–जथाभावी पार्किङ नगरी तोकिएको स्थानमा मात्र पार्किङ गरौं।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

**मिथिला नगरपालिका, धनुषा**



**योग एक प्राचीन अभ्यास हो । यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ ।**

**योगका फाइदाहरू**

शारीरिक स्वास्थ्य सुधारः शरीर लचिलो र बलियो बनाउँछ
मानसिक शान्तिः तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
निद्रा सुधार गर्छ
ध्यान केन्द्रित गर्न सहयोग गर्छ

**ध्यान दिनुपर्ने कुराहरू**

खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।

**अनुरोधकर्ता :**

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा , जनकपुरधाम
मधेश प्रदेश



**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,